# तामाकोशी गाउँपालिका
## Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


पत्र संख्या/Ref. No. :-०७७/०७८
चलानी नं./Dispatch No. :-

मिति/Date: २०७७/१२/२३

विषय/Subject :- **समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश बाट आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम र स्वाबलम्बन बनाउने उद्देश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहबाट सञ्चालन हुने अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) यस गाउँपालिका भित्र अपाङ्गता सम्बन्धी काम गर्ने गैर सरकारी संस्थाहरुको साझेदारीमा सञ्चालन गर्न यो सूचना जारी गरेको मितिले १५ दिन (अन्तिम दिन बिदा परेमा त्यसको पछिको कार्यालय लाग्ने दिन ) भित्र योग्यता पुगेको इच्छुक गैर सरकारी संस्थाहरुले तपशिलको रित र शर्त पूरा गरी प्रस्ताव पेश गर्न यो सूचना जारी गरिएको छ । सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ ।

**तपशिलः**

**(क ) दरखास्त साथ बुझाउनुपर्ने कागजात**

१. अपांगताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात
२. संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको प्रतिलिपि
३. समाज कल्याण परिषद्को आवद्धता पत्र
४. गत वर्षको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन
५. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात

**( ख ) प्राथमिकता**

१. संस्था यस गाउँपालिकाभित्र दर्ता भई कार्यरत
२. दोलखा जिल्लाभित्र कार्यरत संस्था
३. प्रस्तावमा कुनै प्रशासनिक खर्च उल्लेख गर्न पाइने छैन
४. प्रस्ताव अपांगता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि ( शिक्षा, स्वास्थ्य, सीप विकास, नेतृत्व आदि) गरी आय आर्जन तथा स्वावलम्बी बनाउन लक्षित हुनु पर्ने
५. बजेट तथा कार्यक्रम

| क्र.सं | कार्यक्रम शीर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | ३,००,००० ।- | २०७८ जेष्ठ मसान्त सम्म | प्रस्ताव दर्ताका लागि कुनै शुल्क लाग्ने छैन |

१२/२३

.........................

( निमेष मिश्र )
प्रमुख प्रशासकीय अधिकृत